## प्रश्न नं. २१

### त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

### (कक्षा रोल्नं.२४४० देखि २५६१ सम्मका विद्यार्थीहरुका लागी मात्र)

गणेश श्रेष्ठको जाहेरीले नेपाल सरकार
विरुद्ध
इलाम जिल्ला फिक्कल वडा नं. ६ बस्ने हर्के मुखिया

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७५।८।४ गते मेरो भाइ निरोज श्रेष्ठलाई फिक्कले खोल्सीमा हर्के मुखियाले पहिले देखीको रीस साँध्न छुरी झिकी भाइको पेटमा प्रहार गरी घाइते बनाई भागी गए। भाईलाई उपचार गर्न लाँदा बाटैमा मृत्यु भएकोले हर्के मुखियालाई ज्यानसम्बन्धी महलको कसूरमा सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको गणेश श्रेष्ठ गते जिल्ला प्रहरी कार्यालय, ईलाममा चढाएको जाहेरी दरखास्त ।

२. मृतकको बायाँपट्टी काछमा धारिलो हतियारले रोपेर १ इन्च लम्बाई, १/२ इन्च चौडाई , २ इन्च गहिराईको घाउ भई उक्त घाउबाट रगत बगी सुकी कटकटीएको , पेन्ट हाफ कट्टु , काछी समेतमा १ इन्च गोलाइको प्वाल परेको भन्ने समेत व्यहोराको लाश प्रकृति मुचुल्का ।

३. बायाँपट्टी काछमा मुख्य नशा काटिई अत्यधिक रक्तश्राव भई निरोज श्रेष्ठको मृत्यु भएको भन्ने समेत व्यहोराको लाश जाँच रिर्पोट ।

४. मिति २०७५।८।४ गते निरोज श्रेष्ठलाई हर्के मुखियाले पुरानो इवी साँध्न धारिलो हतियार प्रहार गरी शक्त घाइते भएका निरोज श्रेष्ठलाई उपचार गर्न लाँदा लादै बाटैमा मृत्यु भएको भन्ने समेत व्यहोराको मोहन श्रेष्ठ,राजु राई, कमल कुमार प्रधान, अर्जुन कुमार गुरुङ , नरेश शाह, विमल प्रधान समेतले गरिदिएको प्रायः एकै मिलान व्यहोराको अलग अलग घटना विवरण कागज ।

५. म मेरो वारीमा घाँस काटी रहेको अवस्थामा बाटो हिंड्दै गरेका निरज श्रेष्ठले मलाई जिस्काएकोले निजसँग भनाभन हुंदा रीसको आवेगमा एक्कासी छुरा प्रहार गर्दा मृतक सख्त घाइते भएकोले मैले त्यसै छाडी भागेको भन्ने प्रतिवादी हर्के मुखियाको अधिकार प्राप्त अधिकारी समक्षको बयान ।

५. निरोज श्रेष्ठलाई छुरी प्रहार भएको स्थानदेखि उत्तरतर्फ ११ इन्च लामो छुरी बरामद भएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।

६. हर्के मुखियाले निरोज श्रेष्ठलाई छुरी प्रहार गरी सख्त घाइते बनाइ भागेको भन्ने सुनि थाहा पाएको भन्ने समेत व्यहोराको केशव प्रधानले गरिदिएको घटना विवरण कागज ।

**प्रश्न नं. २१**

७. किटानी जाहेरी, घटना विवरण कागज गर्ने व्यक्तिहरुको भनाई प्रतिवादी हर्के मुखियाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान समेतका आधारमा प्रतिवादीले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) को कसूर गरेकोले ऐ ऐ को दफा १७७(२) बमोजिम सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको मागदावी लिई पेश भएको अभियोग पत्र ।

८. प्रतिवादी हर्के मुखियाको अदालतमा इन्कारी बयान

९. प्रहरीमा घटना विवरण कागज गर्ने पुजन श्रेष्ठले गरेको बकपत्र ।

१०. जाहेरवाला गणेश श्रेष्ठको बकपत्र ।

११. शुरु इलाम जिल्ला अदालतको फैसला

१२. उच्च अदालत विराटनगर इलाम इजलासमा दायर भएको पुनरावेदनपत्र